नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय

## जग्गाको कित्ताकाट सम्बन्धमा सार्वजनिक जानकारी

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयबाट मिति २०७७।०५।१८ मा जग्गाको कित्ताकाट सम्बन्धी विषयमा भएको व्यवस्था/निर्देशनका विषयमा संचार माध्यम र विभिन्न रुपमा अभिव्यक्त भएका चासो, चिन्ता र सरोकारलाई ध्यानमा राखी सो विषयमा थप स्पष्ट पार्न आवश्यक देखिएको हुँदा मन्त्रालयले यो सार्वजनिक जानकारी सम्प्रेषित गरेको छ ।

तत्कालिन भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०७४।४।२६ को माननीय मन्त्रीस्तरीय निर्णयबाट कृषियोग्य जग्गाको खण्डीकरण नियन्त्रण गर्ने सम्बन्धी निर्देशन जारी भएकोमा सम्मानित सर्वोच्च अदालतले सम्बत् २०७४ फाल्गुन २ गते मन्त्रालयबाट जारी भएको निर्देशनको विषयमा यथाशीघ्र कानुन बनाएर मात्र जमिनको बर्गीकरण गरी कृषियोग्य, औद्योगिक तथा वन क्षेत्रको जमिन निर्धारण एवं समुचित व्यबस्थापन गर्दै नागरिकको सम्पत्ति सम्बन्धी हकको सुनिश्चितता गर्ने गराउने समेतको निर्देशनात्मक आदेश, यस विषयका अन्य सरोकारवालाहरुको राय सुझाव समेतका आधारमा भूमिको वर्गीकरण र उपयोग सम्बन्धी कानुन तर्जुमा नहुन्जेलसम्मको लागि यस मन्त्रालयले उक्त निर्देशनलाई मिति २०७५।९।२७ मा पुनरावलोकन गरी सोही अनुसार कार्यान्वयनमा ल्याइएको ।

यसै सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मिति २०७७।३।५ मा कृषि योग्य जग्गाको खण्डीकरण नियन्त्रण गर्ने सम्बन्धमा भूमिको वर्गीकरण समुचित उपयोग र प्रभावकारी व्यवस्थापनको माध्यमबाट अधिकतम र दिगो लाभ हासिल गर्ने उद्देश्यका साथ भूमि सम्बन्धी ऐन, २०२१ को संशोधन भई भू-उपयोग ऐन, २०७६ समेत जारी भइसकेको र भूमिको बैज्ञानिक वर्गीकरणको लागि आवश्यक पर्ने भू-उपयोग वर्गीकरण नक्सा/डाटा समेत अधिकांश स्थानीय तहको लागि तयार भइसकेको परिप्रेक्षमा अझै पनि दशकौं अघि गरिएको साविक नापी र पुनःनापी बमोजिम तयार गरिएका नक्सा/डाटा समेतको आधारमा जग्गाको खण्डीकरण नियन्त्रणका सम्बन्धमा जग्गाको कित्ताकाट रोक्का गर्ने गरी मन्त्रालयबाट भएको निर्णयबाट विभिन्न समस्याहरु सिर्जना भएकोले सोको निराकरणका लागि मन्त्रालयबाट जग्गाको कित्ताकाट रोक्का गरी खण्डीकरण नियन्त्रण गर्ने सम्बन्धमा भए गरेका निर्णयहरुमा आवश्यक पुनरावलोकन गरी कित्ताकाट खुल्ला गर्ने तर्फ आवश्यक व्यवस्था मिलाउने सुझाव यस मन्त्रालयलाई प्राप्त भएको ।

मन्त्रालयले मिति २०७५।९।२७ मा जारी गरेको निर्देशनको पहिलो बूँदामा "भूमिको बर्गीकरण र उपयोग सम्बन्धी कानुन तर्जुमाको चरणमा छन् । कृषियोग्य जमिनको गैरकृषि क्षेत्रमा रुपान्तरणले तीव्रता पाइरहेको बर्तमान परिस्थितिबाट खेतीयोग्य भूमिको संरक्षणमा सरकारको तर्फबाट अविलम्ब कदम चाल्नु अपरिहार्य भएकोले सो सम्बन्धी कानुनको तर्जुमा नहुन्जेल सम्मको लागि यो निर्देशन जारी गरिएको छ" भनी उल्लेख भएकोमा भूउपयोग ऐन, २०७६ जारी भई सकेको, निर्देशन जारी गर्दा आधार लिईएको भूमि सम्बन्धी ऐनको सम्बन्धित परिच्छेद नै संशोधन भईसकेको र भवनका लागि जग्गाको खण्डीकरण गर्न वा प्लटिङ्ग सम्बन्धमा स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्पष्ट व्यवस्था रहेकोले सम्बन्धित कानुनको विद्यमानता एवं अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझाव र सरोकारवालाको चासो समेतलाई विचार गर्दा मन्त्रालयले मिति २०७५।९।२७ मा जारी गरेको निर्देशन माथि पुनर्विचार गर्न आवश्यक देखिएको ।

हाल भू-उपयोग ऐन, २०७६ जारी भई सो ऐनले भूमिको वर्गीकरण गरी सोही बमोजिम उपयोगमा ल्याउन प्रदेश तथा स्थानीय तहले स्थानीय भूउपयोग योजना स्वीकृत गरी कार्यान्वयन गर्ने व्यवस्था गरेको छ ।स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १२ को उपदफा (२) देहाय ङ को उपक्रम (१८) अनुसार कित्ताकाटको सिफारिस गर्ने अधिकार सम्बन्धित वडा समितिमा रहेको र सोही ऐनको दफा २७ को उपदफा (२) मा गाउँपालिका र नगरपालिकाले भूजोखिम संवेदनशीलताको आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्न सक्ने तथा उपदफा (३) मा गाउँपालिका र नगरपालिकाको पूर्वस्वीकृति नलिई भवनका लागि जग्गाको खण्डीकरण गर्न वा प्लटिङ्ग गर्न नपाईने व्यवस्था गरेको छ ।

प्रस्तुत सन्दर्भ समेतको आधारमा प्रस्तावित भूउपयोग नियमावली जारी नहुन्जेलसम्मको लागि जग्गाको कित्ताकाट सम्बन्धमा नेपाल सरकार (मा.मन्त्रिस्तर) बाट मिति २०७७।०५।१८ मा "कृषियोग्य जग्गाको खण्डिकरण सम्बन्धी भएका पूर्व निर्णयहरु बदर गरिएको छ । भू-उपयोग नियमावली जारी भई भू-उपयोग नक्शा/डाटा तयार गरी स्थानीय तहलाई हस्तान्तरण भएपछि सोही बमोजिम हुने गरी हाललाई भू-उपयोग ऐन, २०७६ र प्रचलित कानूनको परिधिमा रही जग्गाको कित्ताकाट सम्बन्धी व्यवस्था खुलाउने" भनी विभाग मार्फत मातहत कार्यालयहरुमा निर्देशन जारी भई सकेको छ ।

अतः स्थानीय तहले आफ्नो कानूनद्वारा मापदण्ड निर्धारण गरेकोमा सोही अनुरुप र त्यस्तो मापदण्ड नतोकिएको अवस्थामा भूमि सम्बन्धी नियमावली, २०२१ को नियम ३९(थ)ले तोकेको न्यूनतम इकाई (क्षेत्रफल) नघटाई कृषिक्षेत्र र गैर कृषिक्षेत्र छुट्टिने गरी सम्बन्धित स्थानीय तहको सिफारिसका आधारमा जग्गाको कित्ताकाट सम्बन्धी कार्यान्वयन व्यवस्था मिलाईएको समेत जानकारी गराईन्छ ।

२०७७।५।२५
(दीपक कुमार पहाडी)
सह-सचिव